नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# वैदेशिक रोजगार विभाग

## ई.पि.एस.कोरिया शाखा

ग्वार्को, ललितपुर ।

**रोजगार आवेदन फाराम (Job Application Form) को डाटा ईन्ट्रि सहायकको लागि दैनिक ज्यालादारीमा कार्य गर्न इच्छुकहरुबाट दरखास्त आह्वानको सूचना**

(प्रकाशित मितिः- २०८३।०१।१५)

प्रस्तुत विषयमा गणतन्त्र कोरियामा नेपाली श्रमिक पठाउने सिलसिलामा कृषि तथा पशुपालन (Agriculture & Livestocks) क्षेत्र तर्फको योग्य सूची (Roster) हाल खालि भएको र सन् २०२५ को भाषा परीक्षा एवं सीप परिक्षणको नतिजा समेत प्रकाशन भैसकेको अवस्थामा रोजगार आवेदन फाराम (Job Application Form) को डाटा ईन्ट्रि तत्कालै गरी रोष्टर पूर्ति गर्नुपर्ने भएको र यस शाखाको नियमित जनशक्तिले उक्त कार्य गर्न धेरै समय लाग्ने भएकोले उक्त कार्य गर्न निम्नानुसारको संख्यामा डाटा ईन्ट्रि सहायक दैनिक ज्यालादारीमा कामकाजमा लगाउनुपर्ने आवश्यकता परेको हुँदा सो पदमा कार्य गर्न इच्छुक छनौट मापदण्ड अनुसार योग्य नेपाली नागरिकले मिति २०८३/०१/१७ गते दिनको १७:०० बजे भित्र यस सूचनामा उल्लिखित कागजातका प्रमाणित प्रतिलिपी संलग्न गरी यस शाखामा स्वयं उपस्थित भई (यसभन्दा अघिल्लो विज्ञापनमा ईमेल मार्फत आवेदन आब्हान गर्दा छनौट भएका समेत केहि उम्मेदवार सम्पर्कमा नआएकोले) दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक पद र संख्याः-** डाटा इन्ट्रि सहायक= ५(पाँच) जना (३ तीन जना बैकल्पिक संख्या लिईने)

**प्रतिलिपी संलग्न गर्नुपर्ने कागजातहरुः-**

१. उम्मेदवारको नेपाली नागरिकता प्रमाणपत्र,
२. कम्तीमा दशजोड दुई वा सो सरह उत्तीर्ण गरेको प्रमाणपत्र,
३. कम्प्यूटरसँग सम्बन्धित शैक्षिक योग्यता भएको वा कम्तिमा ६ महिनाको कम्प्यूटर सम्बन्धी तालिम लिएको प्रमाणपत्र,
४. स्वार्थ नबाझिएको (भाषा प्रशिक्षक वा भाषा प्रशिक्षण गर्ने संस्थासंग आवद्ध नभएको, ई.पि.एस. सँग सम्बन्धित परामर्श गर्ने कुनैपनि संस्थासंग आवद्ध नभएको) स्वःघोषणापत्र दरखास्त साथ पेश गर्नु पर्नेछ,
५. कार्य अवधि र कार्य खुल्ने गरी अनुभवको प्रमाणपत्र ।

***छनौट मापदण्ड तथा शर्तहरुः-***

| Items | Evaluation Criteria | Total | Score | | | | |
|---|---|---|---|---|---|---|---|
| Academic Qualification | Graduated from High School or University | 3 | Masters' Degree | Bachelor Degree | +2 Graduate or Equivalent | | |
| | | | 3 | 2 | 0 | | |
| Career | Experience Related to Data Entry | 10 | 5 year or more | 4 year or more | 3 year or more | 2 year or more | 1 year or more |
| | | | 10 | 8 | 6 | 4 | 2 |

१. उमेरः आवेदन गर्ने अन्तिम मितिसम्म १८ वर्ष पुरा भएको हुनु पर्नेछ ।
२. शैक्षिक योग्यता र अनुभवको आधारमा प्रारम्भिक संक्षिप्त सूचीमा परेका उम्मेदवारहरुको १० अङ्कको कम्प्यूटर सीप परिक्षण गरिनेछ । जसमा कुल ५ मिनेटमा ५ अङ्कको ०.१ प्रति सहि शब्दका दरले जम्मा ५० वटा नेपाली शब्दहरु र ५ अङ्कको ०.१ प्रति सहि शब्दका दरले जम्मा ५० वटा अंग्रेजी शब्दहरु टाईप गर्नु पर्नेछ ।

३. आवेदकहरुमध्ये माथिको मापदण्ड बमोजिम संक्षिप्त सूचीमा परेका उम्मेदवारहरुको सूची मिति २०८३।०१।१७ गते १७:०० बजे पछि प्रकाशन गरिनेछ । त्यसरी संक्षिप्त सूचीमा परेका उम्मेदवारहरुलाई मिति २०८३।०१।१८ गते बिहान ०९:३० बजे यस शाखामा कम्प्यूटर सीप परिक्षण लिईनेछ । संक्षिप्त सूचीमा प्राप्त अङ्क र कम्प्यूटर सीप परिक्षणमा प्राप्त अङ्कलाई जोडी उच्च अङ्क प्राप्त गर्ने ५ (पाँच) जनालाई मुख्य उम्मेदवार र ३(तीन) जनालाई वैकल्पिक उम्मेदवार छनौट गरिनेछ । समान अङ्क ल्याउने सो भन्दा बढी उम्मेदवारहरु हुने अवस्था आएमा समान अङ्क आउनेबीच गोलाप्रथाद्वारा मिति २०८३।०१।१८ गते बिहान १०:३० बजे छनौट गरिनेछ, कुनै उम्मेदवार गोलाप्रथाको समयमा अनुपस्थित भएमा शाखालाई गोला प्रकृया गर्न बाधा पर्नेछैन र कार्यालयमा थप कार्यचाप परी थप कर्मचारी आवश्यकता पर्ने भएमा वा कुनै उम्मेदवार छनौट भएर पनि कार्य गर्न नचाहेको अवस्थामा वैकल्पिक उम्मेदवारलाई मौका दिईनेछ ।

४. छनौट भएको उम्मेदवारलाई एक दिन अभिमूखीकरण दिई ज्यालादारीमा कामकाज गर्न सम्झौतापत्र दिईनेछ । रोजगार आवेदन फाराम (Job Application Form) को डाटा ईन्ट्रि गर्नु पर्ने अवधिसम्म दैनिक ज्यालादारीमा कार्य गर्नु पर्नेछ र निजको पारिश्रमिक (प्रचलित कर सहित) ललितपुर जिल्लाको चालु आर्थिक बर्षलाई स्वीकृत जिल्ला दररेट अनुसार हुनेछ ।

५. सम्पर्क मिति:- छनौटमा परेका उम्मेदवार २०८३।०१।२१ गते दिनको १२:०० बजे स्वयं उपस्थित हुनुपर्नेछ ।

६. सो सम्बन्धमा थप कुरा बुझ्नुपरेमा शाखाको सूचना अधिकारी वा कार्यालयको प्रशासन शाखामा बुझ्न सकिनेछ ।

नोट:- यस पदमा निवेदन दिने प्रयोजनार्थ कुनै पनि आवेदकले नक्कली एवं किर्ते कागजात पेश गरेको पाईएमा कानून बमोजिम कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पटाईनेछ ।

.....................
राज किशोर साह
(शाखा अधिकृत)